सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३१५ ♦ २०८२ साल असार १५ गते आइतवार♦ 29 June 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेशमा सुनिल यादव र कृष्णा यादवको मिलेमतोमा

# योजनाको व्यापार, सन्तुको बदनियतले कांग्रेसको शीर निहुरियो !

**खबर दर्पण समाचारदाता**

असार १४ गते, बर्दिबास

नेपाली कांग्रेसका नेता तथा पूर्व अर्थ राज्यमन्त्री उदय शमसेर जबराले बागमती र मधेश प्रदेशका कांग्रेस अर्थमन्त्रीले ल्याएको बजेटले आफ्नै पार्टीका नेताहरूलाई 'मुख छोप्नुपर्ने परिस्थिति' बनाएको कडा टिप्पणी गरेका छन्। योजना बिक्री र कमिशन विवादमा मुछिएको यी प्रदेशको बजेटले कांग्रेस पार्टीलाई लज्जास्पद बनाएको उनको आरोप छ।

शुक्रवार एक कार्यक्रममा बोल्दै राणाले भने, 'दुःखलाग्दो कुरा के छ भने एमालेको अर्थमन्त्रीले अलिकति व्यवहारिक बजेट ल्याया, निजी क्षेत्र पनि प्रोत्साहन भयो। तर हाम्रो विशेष गरेर दुई वटा प्रदेश बागमती प्रदेश र मधेस प्रदेशमा जुन किसिमले बजेट ल्याएको छ, अलिअलि अर्थतन्त्र बुझ्ने हामी कांग्रेसीहरूले त मुखै छोप्ने परिस्थिति बनेको छ'।




**मधेशमा कमिशन कांडको गम्भीर आरोप**

मधेश प्रदेशका अर्थमन्त्री सुनिल कुमार यादवमाथि ५ प्रतिशत कमिशन लिएर योजना राख्ने गम्भीर आरोप लागेको छ।

नेपाली कांग्रेसका मधेश प्रदेश सभापति एवं संसदीय दलका नेता कृष्णा यादवको निर्देशनमा पार्टीकै सांसद, नेता र कार्यकर्तालाई पाखा लगाएर बिचौलिया र दलालहरूसंग पैसा लिएर योजना राखिएको दाबी गरिएको छ।

कमिशन लिएर योजना राख्ने यो काम 'इतिहासमै पहिलो पटक' भएको आरोप छ। प्रदेश सभापति कृष्णा यादव र अर्थमन्त्री सुनिल यादवको निर्देशनमा उनका 'लठैत' मानिएका सन्तु यादवले प्रदेशका महत्वकांक्षी योजना, सांसदहरूको योजना, पार्टी नेता कार्यकर्ताको योजना काटेर बिचौलिया र दलालहरूसंग कमिशन लिएर टुक्रे योजनाहरू राखेका छन् ।

**९७ करोडको 'पौष्टिक आहार' विवाद**

सबैभन्दा विवादास्पद योजना

बाँकी पृष्ठ २ मा

# मधेशका मुख्यमन्त्रीको बुवालाई भुक्तानी दिन सरकारको बजेट

**खबर दर्पण समाचारदाता**

असार १४ गते, बर्दिबास

मधेश प्रदेश सरकारले अगामी आर्थिक वर्षको बजेटमा कानुनविपरीत एक करोड ८० लाख रूपैयाँ बजेट छुट्याइएको छ।

राजविराजस्थित कन्या छात्रावासको निर्माण समितिलाई बाँकी भुक्तानी दिने योजनामा मधेश सरकारको बजेटमा एक करोड ८० लाख रूपैयाँको बजेट विनियोजन गरेको छ ।

भारतीय दुतावासको सहयोगमा उक्त छात्रावास २०६२ सालमा निर्माण थालिएको थियो। तत्कालीन जिल्ला विकास समितिमार्फत शेखर कुमार सिंहको अध्यक्षतामा निर्माण समिति बनाउँदै काम थालिएको थियो ।तर हालसम्म उक्त काम पुरा हुन सकेको छैन्।रु बिगत लामो समयदेखि निर्माण समितिले घाटा लागेको भन्दै काम अलपत्र छोडेपछि अहिले छात्रावास निर्माण पुर्ण हुन सकेको छैन्।

भारतीय दुतावासको सहयोगमा बनिरहेको उक्त छात्रावासमा प्रदेश सरकारले बजेट विनियोजन कानुन सम्वत नरहेको कानुन जानकार बताउँछन्। यता अधुरो काम पुरा गर्नु भन्दा पनि निर्माण समितिलाई बाँकी भुक्तानी दिने भन्दै सरकारले योजना राखेको छ। निर्माण समितिको अध्यक्ष सिंह मधेश प्रदेश मुख्यमन्त्री सतिश कुमार सिंहका बुबा हुन् । यसरी प्रदेश सरकारले दिने यो भुक्तानी


बाँकी पृष्ठ २



## शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी


- ✓पत्रिका
- ✓क्यालेण्डर
- ✓रजिष्टर, डाइरी
- ✓किताब
- ✓परीक्षा कपी
- ✓पर्चा पम्पलेट
- ✓बिल, भाउचर,



- ✓स्क्रिन प्रिन्ट
- ✓विवाह कार्ड
- ✓प्रमाण पत्र
- ✓भिजिटिङ्ग कार्ड
- ✓झोला प्रिन्ट
- ✓रबर स्टाम्प




- ✓फ्लेक्स प्रिन्ट
- ✓ब्यानर प्रिन्ट
- ✓होर्डिङ्ग बोर्ड
- ✓स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेशका मुख्यमन्त्रीको .....

सिधा उनको बुबाले प्राप्त गर्ने देखिन्छ। शेखर कुमार सिंह अहिले लोकतान्त्रिक समाजवादी पार्टीबाट राष्ट्रिय सभा सदस्य हुन।

मधेस प्रदेशका पूर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले मुख्यमन्त्री सतिश कुमार सिंहले पदको दुरुपयोग गरि राजविराज कन्या छात्राबासलाई बजेट विनियोजन गरेको टिप्पणी गरेका छन् ।

पूर्व अर्थमन्त्री साहले मधेस सरकारले कन्या छात्राबास बनाउन हैन पैसा असुल्न बजेट ल्याएको दावी गरे । 'मुख्यमन्त्री पदको चरम दुरुपयोग गर्दै आफ्ना पिताका लागि २० बर्ष अगाडि ( प्रदेश सरकार नै थिएन) त्यति बेलाको पैसा असुल्ने प्रपन्चलाई के भन्नू हुन्छ ? प्रश्न गर्दै उनले भने,' छात्राबास बनाउन हैन पैसा असुल्न ।' यस्ता कुराहरू तपाईहरु देख्न हुन्न भन्दै उनले बजेट बारे भइरहेको नौटंकीलाई अध्यन गरि समाचार बनाउँदा राम्रो हुने उल्लेख गरे । उनले यो बजेट छात्राबास बनाउन हुदै नभएको जिकिर समेत गरे । विनियोजित बजेट छात्राबास निर्माणमा सदुपयोग हुनुपर्ने उनको जोड थियो।

मधेस प्रदेशका मुख्यमन्त्री सिंहले कन्या छात्राबास सञ्चालनमा ल्याउन बजेट राखिएको बताए । उनले भने नबन्दा पनि समस्या बन्दा पनि समस्या छै के भनुम । जसरी पनि कन्या छात्राबासलाई सञ्चालनमा ल्याउनेछु।

# मधेशमा सुनिल यादव र.....

भनेको 'पौष्टिक आहार' नामक योजना हो । जसको लागि ९७ करोड ६० लाख (करिब १ अर्ब) छुट्याइएको छ। यो योजनाको ग्राउण्डमा कुनै प्रभाव नदेखिने भएपनि एक जना ठुलो माफियासकककग करिब २० करोड कमिशन लिएर यो योजना राखिएको आरोप लागेको छ। यस डिलमा प्रमुख व्यक्ति प्रदेश सभापति कृष्णा यादव रहेका छन् भने उनकै निर्देशनमा अर्थमन्त्रीले कसैसंग सल्लाह नगरी यो योजना समावेश गरेका छन् ।

उच्च स्रोतका अनुसार, कृष्णा यादव र सुनिल यादवको मिलेमतोमा कम्तीमा ५ प्रतिशत र आवश्यकता अनुसार अत्याधिक प्रतिशत कमिशन लिएर करिब ८ अर्बसम्मको योजना बेचेका छन् ।

## नेताहरूको आक्रामक विरोध

जनमत पार्टीका अध्यक्ष सिके राउतले मधेश प्रदेशको बजेटमाथि तीव्र आक्रोश व्यक्त गर्दै लेखेका छन्: 'मधेश प्रदेशको सबभन्दा ठूलो योजना के हो? बिचौलियाले राखेको ९७ करोड ६० लाख (झण्डै १ अर्ब) जसको ग्राउन्डमा कुनै प्रभाव देखिँदैन, कतै कार्यान्वयन भएको देखिँदैन, बस मिलिजुली बाँडेर खाने' ।

राउतले जनताले खोजेको २००० योजनाहरूमा नाम मात्रको ५-५ लाखका दरले छुट्याइएको भन्दै 'बिचौलियाको एउटै योजना बराबर जनताका २००० योजना' भनेर कटाक्ष गरेका छन्।

त्यस्तै, कांग्रेस प्रदेश उपसभापति एवं संसदीय दलका उप-नेता बीरेन्द्र प्रसाद सिंहले मधेश प्रदेश सरकारको बजेटलाई 'नितान्त रूपमा वितरणमुखी, व्यक्तिवादी र बिचौलिया हावी बजेट' भनेका छन्।

कांग्रेसका मधेशका वरिष्ठ नेता एवं पूर्वमन्त्री रामसरोज यादवले बजेटलाई 'सिद्धान्तहीन, औचित्यहीन, प्राथमिकताविहीन र जानी जानी बिचौलियालाई प्रशस्त खेल्ने ठाउँ दिएको' भनेर आलोचना गरेका छन्।

## एमालेका नेताको कडा प्रहार

नेकपा एमालेका युवा नेता एवं केन्द्रिय सदस्य संजीव कुमार सुरजले मधेश प्रदेश सरकारलाई 'संघीयता मतलब भ्रष्टहरूको अखाडा' को उदाहरण भनेका छन्। उनले विकास, अस्पताल, पुलको लागि पैसा नभएको भन्दै स्वास्थ्य मन्त्रीलाई जानकारी नै नदिई अगवाल थरको व्यापारीसंग पैसा लिएर काम नलाग्ने पौष्टिक आहारमा ९७ करोड ६० लाख रुपैयाँ बजेटमा हालिएको आरोप लगाएका छन्।

## संसद स्थगित, अनिश्चितता बढ्दो

बजेट पारित गर्न बस्नुपर्ने संसद अनिश्चितकालको लागि स्थगित गरिएको छ। नेपाली कांग्रेसका प्रदेशका वरिष्ठ नेता एवं सांसदहरूलाई पनि बजेट दिइएको छैन भने सरकारको नेतृत्व गरिरहेका जनमत पार्टीका नेता एवं मुख्यमन्त्री सतिश कुमार सिंहले दिएका योजनाहरूमा पनि सप्तरी बाहेकका अन्य जिल्लाको योजना अर्थमन्त्री यादव र सन्तु यादवले काटेका छन्।

यो विवादले कांग्रेस पार्टीभित्रै गम्भीर किचलो सिर्जना गरेको छ भने प्रदेश राजनीतिमा नयाँ संकट निम्त्याएको छ। कमिशन काण्डको गम्भीर आरोपहरूबीच मधेश प्रदेशको बजेट प्रक्रिया अनिश्चितताको भुमरीमा पुगेको छ।

# सहिदनगर नगरपालिकामा दुई दिवसीय नि:शुल्क स्वास्थ्य शिविर




**खबर दर्पण समाचारदाता**

असार १४ गते, बर्दिबास

धनुषाको सहिदनगर नगर पालिका-१ बालाबाखर स्थित ज्ञान बरदान बोर्डिङ स्कुलको प्राङ्गणमा शनिबार देखि दुई दिवसीय नि:शुल्क स्वास्थ्य शिविर सुरु भएको छ।

बरिष्ठ स्त्री तथा नि:सन्तान रोग विशेषज्ञ डा. बृज मोहन र जकको प्रमुख अतिथ्यता तथा जेनरल फिजिसियन तथा सर्जन डा अस्मिता कनोजिया रजकको विशिष्ठ अतिथ्यतामा संचालित शिबिरमा करिब ३ सय अधिकले स्वास्थ्य परिक्षण गरि सेवा लिएका छन् ।

शिविर नैना हस्पिटल प्रा.लि. एण्ड दिव्या क्लिनिकको सहकार्यमा संचालन भएको हो ।

शिबिरमा बोल्दै डा. रजकले महिलाहरुमा जनचेतनाको कमिले समयमा उपचार नपाउदा ज्यान जोखिममा हुने हुदा यस्ता समस्याको निराकरण गर्न शिबिर संचालन गरिएको बताए ।उनले समयमा उपचार गर्दा महिलाहरुमा देखिने पाठेघरको समस्या निराकरण गर्न मद्दत पुग्ने बताए ।

त्यस्तै कार्यक्रममा बोल्दै ज्ञान बरदान बोर्डिङ स्कुलका संस्थापक झगरु कुमार यादव तथा पशु प्राविधिक तथा युवा नेताले ग्रामीण भेगमा आर्थिक समस्याका कारण मानिसहरु इलाज गराउन नसक्ने भएकोले यस्ता शिविर हामीले ल्याएका हौं।

त्यस्तै कार्यक्रममा बोल्दै ज्ञान बरदान बोर्डिङ स्कुलका प्रीन्सिपलले गणेश यादवले विद्यालयले शिबिर ल्याइ समय समयमा यस ग्रामीण भेगमा सेवा प्रदान गरेको बताए ।

शिविरमा स्वास्थ्य परीक्षणका साथै नि:शुल्क औषधि वितरण समेत गरिएको थियो।

स्थानीयवासीहरू शिबिरबाट निकै लाभान्वित भएको जनाएका छन्। आयोजक संस्थाले यस्ता कार्यक्रमले ग्रामीण क्षेत्रका नागरिकहरूलाई स्वास्थ्य सेवा सजिलै प्राप्त गर्न सहयोग पुर्‍याउने बताए ।

कार्यक्रमम नैना हस्पिटल प्रा.लि. एण्ड दिव्या क्लिनिकका ल्याब टेक्निसियन सरोज यादवले यस्ता शिबिरहरु बिगतको दिनमा गरिएका थिए र आगामी दिनमा पनि निरन्तर ता हुन्छ भने प्रतिवद्धता जनाए। शिबिरमा महिलाहरुको पाठेघर खस्ने ,सेतो पानी बग्ने ,महिनावारि लगायत समस्या सम्बन्धि उपचार गरेका थिए।


**हेलमेट लगाउनुहोस् - जीवनको रक्षा गर्नुहोस् ।**

"साइकिल या बाइक चलाउँदा हेलमेट अनिवार्य हो। यसले तपाईको एजीवनको रक्षा गर्छ"

**यातायात व्यवस्था सेवा केन्द्र वर्दिवास, महोत्तरी**


# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्चार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केबर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिबास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिबास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिबास | ५५०००६ |
| खानेपानी बर्दिबास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिबास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिबास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# वृक्षारोपण उत्सव होइन, अबको दायित्व हो : मुख्यमन्त्री सिंह




**खबर दर्पण समाचारदाता**

**असार १४ गते, महेन्द्रनगर**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जलवायु परिवर्तनका चुनौतीहरू समाधान गर्न वृक्षारोपणलाई दायित्वको रूपमा स्वीकार गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा शनिबार धनुषाको धनुषाधाम नगरपालिका-९ स्थित मुर्गियामा आयोजना गरिएको वृक्षारोपण कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले अब बिरुवा रोप्ने मात्र नभई हुर्काउने र संरक्षण गर्ने संस्कार पनि विकास गर्नुपर्नेमा जोड दिए । 'वृक्षारोपण अब उत्सव होइन, दायित्व हो,' उनले भने, 'जलवायु परिवर्तनले देशको समग्र क्षेत्र प्रभावित बनाएको छ। खेतीयोग्य जमिनमा असर, भूमिगत जलको ह्रास र तापक्रम वृद्धि गम्भीर चिन्ताका विषय हुन् । यस्ता चुनौतीको दीर्घकालीन समाधान वृक्षारोपण र वन संरक्षणमा नै छ ।'

कार्यक्रममा प्रदेशका वन तथा वातावरण मन्त्री सञ्जयकुमार यादवले जलवायु परिवर्तनलाई विश्वव्यापी चुनौती भन्दै यसका सामाजिक, आर्थिक र पर्यावरणीय असर नेपालमा समेत गहिरिँदै गएको बताए । उनले मधेशमा वन क्षेत्र घट्दै जाँदा बाढी, भू-क्षय र गर्मीका समस्या तीव्र बनेको उल्लेख गर्दै प्रदेशभर आठै जिल्लामा संरक्षणमुखी वृक्षारोपण अभियान सुरु गरिएको जानकारी गराए । 'मात्र सरकारी प्रयासले पुग्दैन,' मन्त्री यादवले भने, 'स्थानिय समुदाय, विद्यार्थी, युवा क्लब, नागरिक समाज र सञ्चार क्षेत्रको सहकार्य बिना लक्ष्य हासिल हुँदैन । सबैको सहभागिता आवश्यक छ ।'

कार्यक्रमका अवसरमा डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोदन सिंहले बुद्ध कबुलियत वन क्षेत्रमा बाँस, सिसौ, टिक, आँप, आमला लगायतका काठजन्य र फलफूल बिरुवाहरू रोपिने जानकारी दिए । उनका अनुसार १० हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिनेछ ।

कार्यक्रममा प्रदेश सरकारका पदाधिकारी, जनप्रतिनिधि, विद्यार्थी, स्वयंसेवक, सुरक्षाकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

# गुलमोहरको छाँयामा सजिँदै जनकपुर-ढल्केवर ६ लेन सडक



**खबर दर्पण समाचारदाता**

**असार १४ गते, महेन्द्रनगर**

मधेश प्रदेश सरकारले जनकपुर धामदेखि ढल्केवरसम्मको ६ लेन सडकखण्डलाई हरियालीले सजाउने उद्देश्यसहित गुलमोहर बिरुवा रोपण अभियान सुरु गरेको छ ।

शनिबार जनकपुरधाममा आयोजित विशेष समारोहबीच प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहको प्रमुख आतिथ्यमा कार्यक्रमको औपचारिक शुभारम्भ गरियो। कार्यक्रमको नेतृत्व वन तथा वातावरण मन्त्री संजयकुमार यादवले गरे ।

मन्त्री यादवले सडकको बीच भागमा रहेको डिभाइडरमा गुलमोहरको बिरुवा रोपेर अभियानको थालनी गरे । राष्ट्रिय वृक्षारोपण दिवस-२०८२ को अवसर पारेर सुरु गरिएको यो अभियान वातावरणीय सन्तुलन र सौन्दर्यकरण दुवैका दृष्टिकोणले महत्वपूर्ण मानिएको छ ।

जनकपुर-ढल्केवर सडकखण्डमा गुलमोहर फुलेपछि सडक स्वर्गझैं देखिनेछ, मन्त्री यादवले भने, 'यसले धुलो र धुवाँबाट उत्पन्न प्रदूषण न्यूनीकरणमा पनि सहयोग पुग्नेछ ।'

उनका अनुसार वन तथा वातावरण मन्त्रालयको अगुवाइमा बिरुवाको नियमित संरक्षण र रेखदेख गरिनेछ । स्थानीय तह, सामुदायिक वन र विभिन्न संघसंस्थाको सहकार्यमा अभियानलाई दिगो बनाइने उनले जानकारी दिए ।

कार्यक्रममा प्रदेश सरकारका पदाधिकारी, जनप्रतिनिधि, स्थानीय समाजका अगुवा र वातावरण अभियन्ताहरूको उपस्थिति रहेको थियो ।

# एसइई पूरक परीक्षा समय तालिका सार्वजनिक

**खबर दर्पण समाचारदाता**

**असार १४ गते, बर्दिबास**

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा ( एसइई)को पूरक परीक्षा तालिका सार्वजनिक गरेको छ । परीक्षा साउन २९ देखि भदौ ६ गतेसम्म हुने जानकारी बोर्डले गराएको हो । परीक्षा बिहान ८ देखि ११ बजेसम्म सञ्चालन हुने बोर्डले जनाएको छ ।

शुक्रबार प्रकाशित नतिजामा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थीले पूरक परीक्षा दिन पाउने छ ।

एसइईको नतिजामा ६१.८१ प्रतिशत ग्रेडेड भएको बोर्डले जनाएको छ । नियमित परीक्षामा सहभागी भएका चार लाख ३८ हजार आठ सय ९६ परीक्षार्थीमध्ये ३.६ देखि ४ जीपीए ४८ हजार एक सय ७७, ३.२ देखि ३.६ जीपीएसम्म ८१ हजार तीन सय ५५, २.८ देखि ३.२ जीपीएसम्म ८९ हजार एक सय २४ जना, २.४ देखि २.८ जीपीएसम्म ४८ हजार चार सय ७९, २ देखि २.४ सम्म ल्याउने चार हजार एक सय २६ जना, १.६ देखि २ जीपीएसम्म ८ जना छन् ।

बोर्डका अध्यक्ष महाश्रम शर्माले एक सय २६ जना परीक्षार्थीको परीक्षा भने रद्द भएको बताउनुभयो । वर्गीकृत परीक्षार्थीको संख्या भने एक लाख ६७ हजार पाँच सय ९७ रहेको छ ।

यो वर्ष २०८१ को चैत ७ देखि १९ गतेसम्म सञ्चालन भएको एसइई परीक्षामा पाँच लाख १४ हजार ७१ परीक्षार्थी सहभागी भएका थिए ।

# बर्दिवास मेडिकल कलेजको निर्माण अघि बढाउन मरहा खोलामा वृक्षारोपण

**खबर दर्पण समाचारदाता**

**असार १४ गते, बर्दिबास**

लामो समयदेखि विभिन्न कानुनी अड्चनले रोकिएको बर्दिवास मेडिकल कलेजको निर्माण कार्य पुन अघि बढाउने उद्देश्यसहित महोत्तरीको बर्दिवास-५ स्थित मरहा खोलामा वृक्षारोपण गरिएको छ। राष्ट्रिय वृक्षारोपण दिवस २०८२ को अवसर पारेर शनिबार जामुन जातका दुई सय बिरुवा रोप्दै कलेज पूर्वाधार निर्माणको प्रक्रिया अघि बढाउन सहयोग गरीएको हो।

वृक्षारोपण कार्यक्रम बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयको आयोजनामा, डिभिजन वन कार्यालय महोत्तरीको सहकार्य र बर्दिवास नगरपालिकाको समन्वयमा सम्पन्न भएको हो। कार्यक्रमका प्रमुख अतिथि बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीले मेडिकल कलेज निर्माणको लागि तय गरिएको जग्गामा कसैको व्यक्तिगत स्वामित्व नरहेको स्पष्ट पारे। उनका अनुसार वडानम्बर ५ र १० का वडाअध्यक्षले नापजाँच गराई जग्गासम्बन्धी विवरण नगरपालिकामा बुझाइसकेका छन्।

नगरप्रमुख क्षेत्रीले भने, "कानुनी अड्चन हटाई निर्माणकार्य शीघ्र थाल्न मरहा खोलाको १२.२९ हेक्टर नदी उकास क्षेत्रको जग्गामा आवश्यक बिरुवा रोपिदै छ।" उनका अनुसार वातावरणीय सन्तुलन कायम राख्दै भविष्यमा रूख कटान गर्नु परे त्यसको क्षतिपूर्ति स्वरूप बढी रूख रोप्ने कार्य अघि बढाइएको हो।

२०७८ साल माघ महिनामा मेडिकल कलेजको निर्माण रोक्न दायर गरिएको रिट निवेदन सर्वोच्च अदालतले २०८० जेठ २९ गते खारेज गरेपछि आयोजना अघि बढ्ने बाटो खुलेको हो। अदालतले निर्णयमा उल्लेख गर्दै प्रस्तावित वन क्षेत्रभित्र रहेका १ हजार ९ सय ६७ वटा रूख काट्नुअघि त्यसको १० प्रतिशत बढी रूख रोप्न र रोपिएका बिरुवाको संरक्षणसहित नियमित अनुगमन गर्न स्पष्ट निर्देशन दिएको थियो।

कार्यक्रममा बोल्दै आयोजनाका निर्देशक निर्मल घिमिरेले प्रस्तावित क्षेत्रका सबै रूख काटिने नभई आधाभन्दा कम मात्र रूख काटिने जानकारी दिए। उनका अनुसार अधिकांश संरचना रूख नभएको क्षेत्रतर्फ पारिने भएकाले धेरैजसो रूख जोगिनेछन्। "प्रस्तावित क्षेत्रभित्र साना-ठुला गरी एक हजार ९ सय ६७ रूख छन्। तीमध्ये आधाभन्दा कम मात्र रूख काट्ने गरी काम अगाडि बढाइनेछ," घिमिरेले भने।

वृक्षारोपणपछि अब मेडिकल कलेजको निर्माण अघि बढाउन आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अन्तिम चरणमा पुगेको बताइएको छ। आयोजनाले जानकारी दिएको अनुसार जग्गाको भोगाधिकारसम्बन्धी फाइल वन तथा वातावरण मन्त्रालयबाट टुंगिएको छ। अब विस्तृत परियोजना प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएपछि काम अघि बढ्नेछ।

प्रस्ताव अनुसार, एक हजार शैयाको अत्याधुनिक अस्पतालसहितको कलेज निर्माण गर्नका लागि २८ अर्ब ५४ करोड रुपैयाँको बजेट आवश्यक पर्नेछ। निर्माणस्थलका रूपमा प्रस्तावित बर्दिवास-४ को माईस्थानस्थित अटाबे खोल्सी पूर्व र भब्सी खोला पश्चिमको ५४.५८४ हेक्टर वन क्षेत्रको भूभाग चयन गरिएको छ।

नेपाल सरकारले आर्थिक वर्ष २०७३/७४ को नीति तथा कार्यक्रममा देशका सातवटै प्रदेशमा एक-एकवटा सरकारी मेडिकल कलेज स्थापना गर्ने नीति ल्याएको थियो। सोही नीति अन्तर्गत मधेस प्रदेशका लागि बर्दिवासलाई छनोट गरिएको हो। कलेजले निर्माण सम्पन्न भएपछि मधेसका बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवा र चिकित्साशास्त्र अध्ययनका अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा बर्दिवास नगरपालिका, डिभिजन वन कार्यालय, स्थानीय सरोकारवाला र सामुदायिक प्रतिनिधिहरूको सक्रिय उपस्थिति रहेको थियो। आयोजकका अनुसार वृक्षारोपणले निर्माण कार्यसँगै वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण सन्देश दिएको छ।

मेडिकल कलेजको कार्य अघि बढाउन अब कुनै प्रमुख कानुनी बाधा नरहेकाले निर्माण प्रक्रिया छिट्टै औपचारिक रूपमा शुरू हुने अपेक्षा गरिएको छ।

# बर्दिवास नगरपालिका पुनः 'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना' मा प्रतिबद्ध

**खबर दर्पण समाचारदाता**

**असार १४ गते, बर्दिवास**

महोत्तरी क्षेत्र नम्बर १ (क) की मधेश प्रदेशसभा सदस्य शारदादेवी थापाले विकासका योजनामा सबैजना एकजुट भएर लाग्नुपर्नेमा जोड दिएकी छन्। बर्दिवास नगरपालिकाको आयोजनामा शनिबार सम्पन्न 'नगरस्तरीय पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा समारोह-२०८२' मा बोल्दै उनले यो भनाइ राखेकी हुन्।

प्रदेश सांसद थापाले महिलाका प्रजनन स्वास्थ्य समस्यादेखी बाल मृत्युसम्मका जटिल विषयहरूमा महिलास्वयंसेविकाको अतुलनीय योगदान रहेको बताइन्। "पछिल्लो ३७ वर्षदेखि महिला स्वयंसेविकाहरूले घरघरमा पुगेर स्वास्थ्य सेवा दिँदै आएका छन्," उनले भनिन्, "उहाँहरू समाजका सम्माननीय व्यक्तित्व हुनुहुन्छ। स्वास्थ्य क्षेत्रको यो मेरुदण्डलाई अझ सम्मान र सहयोग गर्न जरुरी छ।"



उक्त समारोहमा बर्दिवास नगर पालिकाका नगरप्रमुख प्रह्लाद कुमार क्षेत्रीले नगर स्वास्थ्य क्षेत्रमा भएको सुधारको चर्चा गरे। "हामीले कुल बजेटमध्ये सबैभन्दा बढी स्वास्थ्यमा लगानी गरेका छौँ," मेयर क्षेत्रीले भने, "त्यही लगानी, कर्मचारीको मेहनत र स्वयंसेविकाको सक्रियताका कारण बर्दिवास नगर अस्पताल आज मधेश प्रदेशकै पहिलो र देशभरकै दोस्रो उत्कृष्ट नगर अस्पताल बन्न सफल भएको छ।"

उनले स्वास्थ्यकर्मी र स्वयंसेविकालाई धन्यवाद दिँदै यो वर्ष पनि बर्दिवासलाई पूर्ण खोप सुनिश्चता तथा दिगोपनको दर्जा कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेकामा प्रशंसा व्यक्त गरे।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले पूर्ण खोप बालबालिकाको अधिकार भएको उल्लेख गर्दै खोपको पहुँच सुनिश्चित गर्न स्वास्थ्यकर्मी र स्वयंसेविकाको भूमिकाको प्रशंसा गरे। "बालबालिकालाई पूर्ण खोप लगाउने काम सजिलो छैन, त्यसका लागि घरघरमै पुगेर सचेतना र सेवा दिनुपर्ने हुन्छ," उनले भने, "स्वास्थ्यकर्मी र स्वयंसेविका नै नगरपालिकाको वास्तविक शक्ति हुन्।"

उनले खोपकार्ड अनुसार बालबालिकाले सबै खोप लगाए/नलगाएको ट्र्याक गर्नुपर्ने आवश्यकता पनि औंल्याए।

बर्दिवास नगरपालिका पहिलोपटक २०७५ सालमा पूर्ण खोप नगरपालिका घोषित भएको हो। त्यसयता बालबालिका जन्मिँदै जाने प्रक्रिया भएकाले खोप सुनिश्चितता कायम राख्न दिगोपन घोषणा कार्यक्रम हरेक वर्ष आयोजना हुँदै आएको छ।

स्वास्थ्य शाखाका प्रमुख सुरेश पासवानका अनुसार हाल बर्दिवास नगरपालिकाभित्र एक वर्ष मुनिका १ हजार ३ सय १२ जना बालबालिका रहेका छन्। "उनीहरू सबैलाई आवश्यक खोप पुर्‍याउन स्वास्थ्यकर्मी र स्वयंसेविका अहोरात्र खटिरहेका छन्," पासवानले भने।

समारोहमा 'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना हाम्रो प्रतिबद्धता' भन्ने नारासहित बर्दिवास नगर पालिकाले स्थानीय स्रोत, स्वामित्व र समुदायको सहभागितालाई प्राथमिकता दिने बताएको छ।

# आँप क्षेत्रका रूपमा विकास गर्न बटेश्वरमा आँप मेला




**खबर दर्पण समाचारदाता**

**असार १४ गते, बर्दिबास**

'मधेशको मिठास, चित्रपुरको आँप' भन्ने नारासहित धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा शनिबारबाट दुई दिने 'चित्रपुर आँप मेला महोत्सव २०८२' सुरु भएको छ ।

स्थानीयस्तरमा उत्पादित आँपको प्रवर्धन र क्षेत्रीय पर्यटनको सम्भावनालाई उजागर गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।

चित्रपुर म्याङ्गो एग्रो टुरिज्म बोर्डको आयोजनामा आइतबार सम्म सञ्चालन हुने महोत्सवमा ४० भन्दा बढी जातका आँपहरू तथा आँपबाट बनेका विभिन्न परिकार, जुस, अचार आदिको प्रदर्शनी गरिएको छ ।

मेला समितिका संयोजक प्रदीप महतोले स्थानीय आँपको प्रवर्द्धन र पर्यटन बिकासका लागि आँप मेलाको आयोजना गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हामी चित्रपुरलाई आँप पर्यटन क्षेत्रको रूपमा बिकास गर्न जोड दिएका छौँ । हाल यहाँ करिब तीन सय बिघाभन्दा बढी क्षेत्रफलमा आँपको बगैँचा फैलिएका छन् ।' जसले कृषि पर्यटनको ठुलो सम्भावना बोकेको छ । नेपालमा एकै स्थानमा यति धेरै क्षेत्रफलमा आँपका रुख भएको क्षेत्र चित्रपुर नै पहिलो भएको दाबी संयोजक महतोले गर्नुभयो ।

महोत्सवमा विद्यालयका विद्यार्थीका लागि विभिन्न जातका आँप चिनाउने, आँपसँग सम्बन्धित ज्ञानमूलक कार्यक्रम, कृषि विज्ञहरूसँग अन्तर्क्रिया तथा सांस्कृतिक प्रस्तुती पनि समावेश गरिएको छ ।

बटेश्वर गाउँपालिका पूर्बपश्चिम लोकमार्गसँग जोडिएको हुँदा सहज पहुँचले यहाँ आन्तरिक पर्यटन प्रवर्धनमा टेवा पुर्‍याउने आयोजकको विश्वास छ ।

आयोजकले यो मेलालाई आगामी वर्षमा अझ विस्तार गरी प्रदेशस्तरको महोत्सव बनाउने योजना पनि जनाएको छ ।

तपाईको शहर वर्दिवासमा

WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय

सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

# महेन्द्रनगरमा मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु

**खबर दर्पण समाचारदाता**

**असार १४ गते, महेन्द्रनगर**



धनुषाको क्षीरेश्वरनाथ नगर पालिकास्थित महेन्द्रनगरमा मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा छिरेश्वरनाथ नगर पालिका-८, दिगम्बरपुरका ३० वर्षीय रामरतन महतो रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका अनुसार शनिबार १२ बजे जनकपुरधामबाट महेन्द्रनगरतर्फ आउँदै गरेका युवक सवार मोटरसाइकल दुर्घटना हुँदा महतोको मृत्यु भएको हो । दुर्घटनाबाट गम्भीर घाइते भएका महतोको उपचारको क्रममा जानकी मेडिकल कलेजमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

मधेश प्रदेश ०२-००५ प. ८७९५ नम्बरको रातो रङ्गको अपाची मोटरसाइकलमा सवार महतो जनकपुर-ढल्केवर सडक खण्ड अन्तर्गत महेन्द्रनगर नजिक अनियन्त्रित भई लडेका थिए । दुर्घटनामा टाउकोमा गम्भीर चोट लागेका महतोको तत्काल उपचारका लागि जानकी मेडिकल कलेज शिक्षण अस्पताल जनकपुर लगिएको थियो । उपचारको क्रममा महतोको मृत्यु भएको प्रहरीले जनाएको छ । घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,